# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक १४ गते २०१८ साल

### श्री ५ को सरकार

### कानून, न्याय तथा संसदीय प्रबन्ध मन्त्रालयको सूचना

ल. कमिशन गठन बारे मिति २०१७।६।२७।४ को निर्णयमा निम्नलिखित कुरा संशोधन गर्ने श्री ५ को सरकारबाट मिति २०१८।६।८।१ मा निर्णय गरेकोछ ।

१. निर्णयको दफा ५ को सट्टा निम्नलिखित दफा ५ राखिएकोछ–

५. सो कमिशनको साधारण सभा गर्नलाई तीन जनाको कोरम हुनेछ ।

२. निर्णयको दफा ६ को सट्टा निम्नलिखित दफा ६ राखिएकोछ –

६. कमिशनमा देहाय बमोजिम अध्यक्ष र सदस्यहरू रहने छन्ः–

(क) एटर्नी जनरल — अध्यक्ष

(ख) कानून सचिव — सदस्य

(ग) श्री ५ को सरकारबाट मनोनीत गैर सरकारी व्यक्ति तीन जवान — सदस्य

तर एटर्नी जनरल उपस्थित नरहेमा कानून सचिव अध्यक्ष हुनेछ ।

३. निर्णयको दफा १० मा रहेको "प्रकरण (क), (ख), (ग) र (घ)" शब्दहरूको सट्टा "प्रकरण (क) र (ख)" शब्दहरू राखिएकोछ ।

आज्ञाले–

उदयप्रसाद उपाध्याय

श्री ५ को सरकारको सह सचिव,

कानून न्याय तथा संसदीय प्रबन्ध मन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।